# रोग प्रतिरक्षण

## आफ्नो बच्चालाई अहिले र भविष्यकालागि सुरक्षित गर्नुहोस्

रोग प्रतिरक्षण, भ्याक्सिनेशन अर्थात् खोपको नामले पनि जानिन्छ जो सामान्यतः खोप वा सुईद्वारा दिइन्छ। यु.के.मा बच्चाहरूलाई स्वस्थ बच्चा कार्यक्रमको एक हिस्साको रूपमा विविध रोगहरू विरूद्ध खोपहरू दिइन्छन्। खोपहरूको बारेमा सल्लाह तपाईंले आफ्ना जीपी वा स्वास्थ्य भिजिटरबाट हासिल गर्न सक्नुहुन्छ। मातापितासँग हुने बच्चा स्वास्थ्य रेकर्ड (लाल किताब) मा रेकर्ड राखिन्छ, यो एउटा यस्तो किताब हुन्छ जो तपाईंसँग हुन्छ र यसमा तपाईंको बच्चाको स्वास्थ्य सम्बन्धी जानकारीहरू हुन्छन्।

रोग प्रतिरक्षण खोपहरू बच्चाहरूलाई मुख्य रूपले प्रथम पाँच वर्षहरूमा लगाइन्छन्। रोगहरूको खतरालाई जतिसक्दो कम्ति पार्न खोपहरू सही उमेरमा लगाउनु जरूरी हुन्छ। रोग प्रतिरक्षण खोपहरू बारे चिन्तित हुनु सामान्य कुरा हो, तसर्थ आफ्ना स्वास्थ्य भिजिटर वा जीपी-सँग सल्लाह माग्न अप्ठ्यारो नमान्नुहोला – यसैका लागि उनीहरू हुन्छन् ! बाल्यकालका रोग प्रतिरक्षण खोपहरू निःशुल्क छन् र ती मध्ये धेरैजस्ता खोप तपाईंको जीपी-को सर्जरीमा नै दिइन्छ।

केही खोपहरू रोगबाट संरक्षण भइरहोस् भन्ने कुरो पक्का गर्नका लागि एकपल्ट भन्दा बढी पटक लगाइन्छ। यसलाई बूस्टर खुराक भनिन्छ, तसर्थ तपाईंको बच्चाले यो पाओस् भन्ने कुरो सुनिश्चित गर्नुहोस्।

लहरे खोकी खोप 28 र 38 साताको गर्भधारण गरेकी सबै महिलाहरूको लागि सिफारिश गरिएको छ। यो तपाईंलाई आफ्नो प्रसवपूर्वको नियमित जाँचको दौरान दिइनेछ।

### जीपी भन्दछन्

रोग प्रतिरक्षण खोपहरूको प्रयोग बच्चाहरूलाई अति गम्भीर र कहिलेकाहिँ ज्यानै समेत लिन सक्ने रोगहरूबाट रक्षा गर्नका लागि प्रयोग गरिन्छ।

रोग प्रतिरक्षण खोपले तपाईंको बच्चालाई प्रदान गर्ने संरक्षण निम्ति अलिकति पीडा उचित छ।

रोग प्रतिरक्षण खोपहरू बारे तपाईंका केही चिन्ताहरू हुन सक्छन्, त्यसबारे आफ्ना जीपी-सँग चर्चा गर्नुहोस्। हल्का साइड इफेक्टहरू हुन सक्छन्।

### स्वास्थ्य भिजिटर भन्दछन्

तपाईंले आफ्नो बच्चाको लाल किताब सुरक्षित ठाउँमा राख्ने कुरो सुनिश्चित गर्नुहोस्। यो तपाईंको बच्चाको बाल्यकालको रोग प्रतिरक्षण खोपहरूको एकमात्र पूरा रेकर्ड हो र यो जीवनमा पछि गएर आवश्यक पर्न सक्छ।

रोग प्रतिरक्षण खोपहरू सम्बन्धी कुनै नयाँ थप जानकारी र भावी खोपहरू बारे आफ्ना स्वास्थ्य भिजिटरसँग सोध्नुहोस्।

## खोप कहिले लगाउने

| | जुन रोगहरूबाट प्रतिरक्षण गरिन्छ |
|---|---|
| दुई महीनाको नानी | ▪ भ्यागुते रोग, धनुषटङ्कार, pertussis (लहरे खोकी), पोलियो र हाइमोफिलस इन्फ्लुएन्जा टाइप बी (Hib)<br>▪ न्युमोकोक्कल रोग<br>▪ रोटाभाइरस भ्याक्सिन (तीन महीनामा दोस्रो खुराक) |
| तीन महीनाको नानी | ▪ भ्यागुते रोग, धनुषटङ्कार, लहरे खोकी, पोलियो र Hib<br>▪ मेनिङ्गोकोक्कल ग्रुप सी रोग (MenC) |
| चार महीनाको नानी | ▪ भ्यागुते रोग, धनुषटङ्कार, लहरे खोकी, पोलियो र Hib<br>▪ न्युमोकोक्कल रोग |
| 12 र 13 महीना बीचको नानी – पहिलो जन्मदिनको महीनाभित्रै | ▪ Hib/MenC<br>▪ न्युमोकोक्कल रोग<br>▪ दादुरा, गल्फुलो र रूबेला (जर्मन दादुरा) |
| तीन वर्ष चार महीना वा तुरुन्तै पछिको नानी | ▪ भ्यागुते रोग, धनुषटङ्कार, लहरे खोकी, पोलियो<br>▪ दादुरा, गल्फुलो र रूबेला |

स्रोतः एनएचएस रोग प्रतिरक्षण जानकारी

### एक

रोग प्रतिरक्षण खोपहरू दुई महीनामा शुरु हुन्छ जब शिशुको रोग प्रति प्राकृतिक रोग प्रतिरक्षण कम्ति हुन थाल्छ।

### दुई

स्थानीय रोग प्रतिरक्षण खोपहरू कहिले दिइँदै छन् भन्ने जानकारी तपाईंका स्वास्थ्य भिजिटरले तपाईंलाई बताउने छन्।

### तीन

रोग प्रतिरक्षण खोपहरूले तपाईंको बच्चालाई बाल्यकालको दौरान मात्र होइन जीवनभरी सुरक्षा प्रदान गर्दछन्।